नरैनापुर गाउँपालिका
Narainapur Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
नरैनापुर, बाँके
Narainapur, Banke

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या : २०८२।०८३
चलानी नः

## चौकिदार पदमा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०८२/०६/०८)

प्रस्तुत विषयमा यस नरैनापुर गाउँकार्यपालिकाको मिति २०८२/०६/०२ को निर्णयानुसार यस नरैनापुर गाउँपालिका र वडा कार्यालहरुको लागि सात (७) जना चौकिदारमा मिति २०८२ साल पौष मसान्त सम्मको लागि सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिबाट १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयको प्रशासन शाखामा निवेदन दिनुहुन अनुरोध छ । दरखास्त फाराम यस कार्यालयको Website: www.narainapurmun.gov.np तथा यस कार्यालयबाट कार्यालय समयमा प्राप्त गर्न सकिने छ।

आवश्यक माग संख्या

| विज्ञापन नं | पद | संख्या | कैफियत |
|---|---|---|---|
| ०२/२०८२/०८३ | चौकिदार वडा नं १,२,३,४,५,६ र गाउँपालिका | ७ | |

आवश्यक न्यूनतम योग्यताः सामान्य लेखपढ ।

परीक्षा दस्तुरः- २००।- (दुई सय रूपैयाँ मात्र) नरैनापुर गाउँपालिकाको लक्ष्मी सनराईज बैंक शाखाको आन्तरिक राजश्व खाता नं. ०७४०४८८०८७७३००६ मा चार सय रकम जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ।

दरखास्त बुझाउने स्थानः- गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भएर तोकिए बमोजिमको फाराम भरी दरखास्त पेश गर्न सकिनेछ।

छनौटको किसिमः- अन्तर्वार्ता ।

दरखास्त दिने अन्तिम मितिः २०८२/०६/२२ गते सम्म । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट कार्यालय खुल्ने समयमा बुझाउन सकिनेछ।

उमेर हदः- दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (गाउँपालिकाको सेवा कररामा कर्मचारी व्यवस्थापन कार्यविधि २०८२ बमोजिम हुनेछ)

दरखास्त फाराम साथ संलग्न गर्नु पर्ने कागजातहरुः- उम्मेदवार स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरूः नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो , कार्य अनुभव खुल्ने कागजात ।

सेवा सुविधाः- गाउँपालिकाको निर्णय अनुसार हुनेछ।

परीक्षा मितिः- पछि प्रकाशन गरिनेछ।

.....................
नवराज ओली
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, सरसफाई र पूर्वाधार : समुन्नत नरैनापुरको मुल आधार"

ईमेल ito.narainapurmun@gmail.com Website URL: https://www.narainapurmun.gov.np
कार्यालय कोड नं ८०१०५५७०६, कार्यालय फोन नं ९८५८०३१०७८

CamScanner